जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १३६ पृष्ठः ४ | २०८३ असोज ०२ शुक्रबार (Friday 18 Sept. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## खापानी टोलमा सडक नाटक र स्वच्छता र्‍याली, 'स्वच्छता दैनिक व्यवहारमै उतार्नुपर्नेमा जोड'



**ओम प्रकाश यादव**

लहान, १ असोज। लहान नगरपालिकाले सञ्चालन गर्दै आएको 'घर–घरको शान, स्वच्छता अभियान' अन्तर्गत लहान नगरपालिका वडा न. २४ स्थित खापानी टोलमा सडक नाटक तथा स्वच्छता र्‍याली आयोजना गरिएको हो। समुदायमा सरसफाइप्रति जनचेतना अभिवृद्धि गर्दै स्वच्छतालाई नागरिकको दैनिक व्यवहार र जीवनशैलीसँग जोड्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा स्थानीय युवा, महिला, बालबालिका तथा सर्वसाधारणको सहभागिता रहेको थियो।

कार्यक्रमअन्तर्गत सहभागीहरूले स्वच्छता तथा स्वास्थ्य सम्बन्धी विभिन्न सचेतनामूलक नारासहित खापानी टोलमा र्‍याली निकालेका थिए। र्‍यालीले टोल तथा गाउँ परिक्रमा गर्दै स्वच्छ र स्वस्थ वातावरण निर्माणका लागि प्रत्येक नागरिक जिम्मेवार बन्नुपर्ने सन्देश प्रवाह गरेको थियो। र्‍यालीका क्रममा स्थानीयवासीलाई शौचालयको नियमित प्रयोग, व्यक्तिगत सरसफाइ, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन तथा स्वस्थ जीवनशैलीका विषयमा सचेत गराइएको थियो। सरसफाइलाई घर वा व्यक्तिको व्यक्तिगत विषयका रूपमा मात्र नहेरी परिवार, समुदाय र समग्र समाजको साझा जिम्मेवारीका रूपमा अघि बढाउनुपर्नेमा जोड दिइएको थियो।

र्‍यालीपछि प्रस्तुत गरिएको सडक नाटकले स्थानीय परिवेश र दैनिक जीवनसँग जोडिएका विषयमार्फत सरसफाइ सम्बन्धी सन्देश प्रभावकारी रूपमा प्रस्तुत गरेको थियो। नाटकमा शौचालयको नियमित प्रयोग, व्यक्तिगत स्वच्छता, वातावरण संरक्षण तथा खुला दिसामुक्त अवस्थाको दिगोपन लगायतका विषयलाई प्राथमिकताका साथ उठाइएको थियो। शौचालयलाई केवल भौतिक संरचनाका रूपमा नभई स्वास्थ्य, आत्मसम्मान र सामाजिक मर्यादासँग जोडिएको महत्वपूर्ण पक्षका रूपमा प्रस्तुत गरिएको थियो।

नाटकमार्फत सरसफाइलाई व्यक्तिको मात्र जिम्मेवारी नभई

–बाँकी तीन पेजमा

## वीरगन्जमा भारतीयबाट ४ पेस्तोल एसएलआरमा लाग्ने ६ गोली बरामद



जनकपुरधाम, १ असोज। वीरगन्जबाट सशस्त्र प्रहरीले भारतीय नम्बर प्लेटको कारबाट चार थान पेस्तोल र एसएलआरको ६ राउन्ड गोली बरामद गरेको छ। वीरगन्ज महानगरपालिका १५ स्थित बास्तु विहार चोकनजिकबाट बुधबार साँझ शंकास्पद अवस्थामा रोकिराखिएको भारतीय नम्बर प्लेटको कार जाँच गर्ने क्रममा हतियार तथा गोली बरामद भएको

–बाँकी तीन पेजमा

## अर्थमन्त्री डा. स्वर्णिम वाग्ले तीन दिने भ्रमणका लागि भारत प्रस्थान



काठमाडौं, १ असोज। अर्थमन्त्री डा. स्वर्णिम वाग्ले तीन दिने भ्रमणका लागि भारत प्रस्थान गरेका छन्। भारत सरकारको निमन्त्रणामा उनी बिहीबार बिहान ७:३५ बजेको उडानमा काठमाडौंबाट नयाँदिल्ली प्रस्थान गरेका हुन्। विपद्पछिको पुनर्निर्माण लगायत दुई देशबीचको आर्थिक, राजनीतिक र कूटनीतिक विषयका विभिन्न आयाममा सहकार्य गर्नु यस भ्रमणको मुख्य उद्देश्य रहेको छ।

भ्रमण तालिका अनुसार बिहीबार ५ बजे भारतीय समकक्षी निर्मला सीतारमणसँग भेटवार्ता हुनेछ। शुक्रबार बिहान ९ बजे पूर्व

–बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## जलवायु परिवर्तनको असर तथा प्रभावबारे सचेत बनौं

- जलवायु परिवर्तनले मानव जीवन, कृषि, पानी, स्वास्थ्य र जैविक विविधतामा पार्ने असरबारे सचेत बनौं,
- बाढी, पहिरो, डुबान, खडेरी तथा अन्य जलवायुजन्य जोखिमको पूर्वतयारी गरौं,
- वन तथा प्राकृतिक स्रोतको संरक्षण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान दिऔं,
- नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरौं,
- वृक्षारोपण तथा हरियाली प्रवर्द्धन गरी कार्बन उत्सर्जन घटाउन सहयोग गरौं,
- जलस्रोतको संरक्षण गरौं र जलवायु परिवर्तनअनुकूल जीवनशैली अपनाऔं,
- प्लास्टिक तथा फोहोरजन्य प्रदूषण न्यूनीकरण गरौं,
- जलवायु परिवर्तनका जोखिमप्रति समुदायलाई सचेत र अनुकूलनशील बनाऔं।

जलवायु परिवर्तनको असरबारे सचेत बनौं,
जलवायु–उत्थानशील समाज निर्माण गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## सानो कामका लागि ठूलो सरकार

संघीय लोकतान्त्रिक गणतन्त्रको सबैभन्दा महत्वपूर्ण उपलब्धिमध्ये नागरिकको घरदैलोमै सरकार पुग्नु पनि एक हो। संविधानले संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारको स्पष्ट व्यवस्था गरेको छ। तीनै तहका सरकारलाई अधिकार, जिम्मेवारी र स्रोतको बाँडफाँट गरिएको छ। यसको मूल उद्देश्य नागरिकका समस्या उनीहरूकै नजिकबाट समाधान गर्नु हो। तर व्यवहारमा भने नागरिकले कुन काम कुन तहको सरकारले गर्ने भन्ने भेद छुट्याउन नसक्ने मात्र होइन, जिम्मेवार निकायबाट काम नभएपछि जहाँ आशा देखिन्छ, त्यहीँ गुनासो पुर्‍याउने अवस्था देखिएको छ।

सिरहा–१ का सांसद तथा पूर्वखेलकुदमन्त्री बब्लु गुप्ताले आफ्नो निर्वाचन क्षेत्रमा मतदाता भेटघाटका क्रममा वडा तहबाटै हुनुपर्ने बाटोघाटो, खानेपानी, सरसफाइ र अन्य सानातिना कामको मागसमेत आफूले सुन्नुपरेको बताउनुभएको छ। लहान नगरपालिका–१३ घलेटेलका स्थानीयवासीले दुई सय मिटर सडकमा ग्राभेल, विद्यालय सरसफाइ, खानेपानी, बाटो फराकिलो बनाउने तथा सामाजिक न्यायसँग सम्बन्धित विषय सांसदसमक्ष राखेको प्रसंगले स्थानीय शासनको वास्तविक अवस्थामाथि गम्भीर प्रश्न उठाएको छ।

नागरिकले आफ्ना समस्या सांसदसमक्ष राख्नु आफैँमा अस्वाभाविक होइन। जनप्रतिनिधि भएकाले सांसदसँग आफ्ना कुरा राख्ने अधिकार नागरिकसँग हुन्छ। तर वडा कार्यालय र नगरपालिकाले सहज रूपमा समाधान गर्न सक्ने विषयसमेत संघीय सांसदको प्राथमिकतामा पर्नुपर्ने अवस्था आउनु संघीयताको कार्यान्वयन कति प्रभावकारी छ भन्ने प्रश्न हो। दुई सय मिटर सडकमा ग्राभेल, टोलको सरसफाइ वा सामान्य खानेपानी व्यवस्थापनका लागि संघीय सरकारको मुख ताक्नुपर्ने हो भने स्थानीय सरकारको औचित्यमाथि नै प्रश्न उठ्छ।

स्थानीय सरकार नागरिकसँग प्रत्यक्ष सम्पर्कमा रहने सरकार हो। संविधानले स्थानीय तहलाई स्थानीय सडक, खानेपानी, सरसफाइ, आधारभूत शिक्षा, स्वास्थ्यलगायतका महत्वपूर्ण विषयमा जिम्मेवारी दिएको छ। त्यसैले जनताले सबैभन्दा पहिले वडा कार्यालय र स्थानीय तहबाट सेवा र समाधानको अपेक्षा गर्नु स्वाभाविक हो। स्थानीय तहसँग बजेट, कर्मचारी, निर्वाचित प्रतिनिधि र निर्णय गर्ने अधिकार हुँदाहुँदै पनि सामान्य कामका लागि नागरिक भौतारिनुपर्ने अवस्था स्वीकार्य हुन सक्दैन।

सांसद गुप्ताले विगत नौ वर्षमा स्थानीय, प्रदेश र संघीय सरकारबाट गरी करोडौँ रुपैयाँ स्थानीय तहमा गएको भए पनि गाउँको विद्यालय, सडक, खानेपानी र सामाजिक न्यायका आधारभूत समस्या समाधान नभएको प्रश्न उठाउनुभएको छ। यो प्रश्न कुनै एक स्थानीय तह वा क्षेत्रको मात्र होइन। बजेट कहाँ गयो, कुन योजनामा खर्च भयो, त्यसबाट नागरिकले कस्तो लाभ पाए र अझै के समस्या बाँकी छन् भन्ने विषयमा स्थानीय तहले नागरिकलाई स्पष्ट जवाफ दिनुपर्छ। बजेट खर्च हुनु र नागरिकको जीवनमा परिवर्तन आउनु एउटै कुरा होइन।

स्थानीय तहमा पर्याप्त बजेट नआएको हो भने त्यसको तथ्यसहित प्रदेश र संघीय सरकारसँग माग राखिनुपर्छ। बजेट भएर पनि काम नभएको हो भने त्यसको जिम्मेवारी सम्बन्धित जनप्रतिनिधि र प्रशासनले लिनुपर्छ। योजना छनोटमा पहुँच, राजनीतिक प्रभाव वा विभेद भएको छ भने त्यसको सार्वजनिक समीक्षा आवश्यक छ। विशेषगरी दलित, विपन्न र सीमान्तकृत समुदायले आधारभूत सुविधा माग्नसमेत जनप्रतिनिधिको ढोका चहार्नुपर्ने अवस्था रहिरहनु सामाजिक न्यायको दृष्टिले गम्भीर विषय हो।

संघीय सांसदको भूमिका भने सानातिना स्थानीय योजना बोकेर हिँड्नुमा सीमित हुनु हुँदैन। शिक्षा, स्वास्थ्य, ठूला पूर्वाधार, सिँचाइ, रोजगारी, क्षेत्रीय विकास र राष्ट्रिय नीतिसँग जोडिएका विषय संघीय प्रतिनिधिको प्राथमिकतामा पर्नुपर्छ। सांसदले आफ्नो निर्वाचन क्षेत्रका वास्तविक समस्या संघीय संसद् र सरकारसमक्ष उठाउने, आवश्यक नीति तथा बजेटका लागि पहल गर्ने र विभिन्न तहका सरकारबीच समन्वय गराउने भूमिका प्रभावकारी बनाउनुपर्छ। यसका लागि स्थानीय, प्रदेश र संघीय जनप्रतिनिधिबीच स्वस्थ समन्वय आवश्यक छ। एउटा तहको कमजोरी अर्को तहले ढाक्ने होइन, आफ्नो अधिकारक्षेत्रको काम आफ्नो तहले जिम्मेवारीपूर्वक पूरा गर्ने वातावरण बन्नुपर्छ। नागरिकलाई पनि कुन कामका लागि कहाँ जाने भन्नेबारे स्पष्ट जानकारी दिनुपर्छ।

अन्ततः विकासको मापन बजेटको आकारले होइन, नागरिकले पाएको सेवाको गुणस्तरले हुन्छ। टोलको सडक, खानेपानी, सरसफाइ र विद्यालयजस्ता आधारभूत समस्या समाधान हुन नसक्ने तर ठूला बजेटका योजनाको चर्चा भइरहने प्रवृत्तिले संघीयताको उद्देश्य पूरा गर्दैन। स्थानीय सरकारले आफ्नो जिम्मेवारीबाट पन्छिनु हुँदैन, प्रदेश सरकारले स्थानीय आवश्यकतालाई बेवास्ता गर्नु हुँदैन र संघीय सांसदले आफ्नो संवैधानिक भूमिकालाई साना योजनाको वितरणभन्दा माथि उठाउनुपर्छ। नागरिकले सरकार खोज्दा सरकारकै तहगत जिम्मेवारी स्पष्ट देखिने अवस्था सिर्जना गर्नु नै संघीयताको वास्तविक परीक्षा हो।

# भानुबिनाको भानुचोक

## नाम भानु चोक, तर भानुभक्तको सालिक छैन विवादका कारण वर्षौँदेखि चोकको पहिचान नै अलमलमा

**वीरेन्द्र रमण**

जनकपुरधाम। वीरगन्जबाट जनकपुरधामको पिडारी चोकमा बसबाट ओर्लिएकी आश्वी कर्णले साथीलाई फोन गरिन्। गत बुधबार जनकपुर आएकी उनलाई साथीले भानु चोक आउन भनिन्। सिटी रिक्साबाट भानु चोक पुगेपछि उनले पसलमा राखिएको बोर्डमा ‘भानु चोक’ लेखिएको देखिन्। आफू साथीले भनेको ठाउँमा आइपुगेको ठानिन्। तर यताउता हेर्दा त्यहाँ भानुको कुनै नामनिसाना देखिनन्।

उनले साथीलाई सोधिन्, ‘किन यो ठाउँलाई भानु चोक भनिएको हो?’ साथीले सडकको बीचमा रहेको सानो खाल्डोतर्फ देखाउँदै भनिन्, ‘यही ठाउँमा भानुभक्तको प्रतिमा थियो। त्यसैले यो ठाउँलाई भानु चोक भनिएको हो।’ नाम भानु चोक भए पनि त्यहाँ अहिले भानुभक्तको प्रतिमा छैन। मधेस प्रदेशको राजधानी जनकपुरधाम आइपुग्ने जोकोहीका लागि भानु चोक नौलो नाम होइन। सहरको मुटुमा रहेको यो ठाउँ मुख्य बजारका रूपमा परिचित भएकाले दिनभर चहलपहल भइरहन्छ। तर यही चहलपहलबीच आश्वीजस्तै धेरैको मनमा एउटा कौतूहल हुन्छ– आखिर कहिले बन्छ यो ठाउँ वास्तविक अर्थमा भानु चोक?

नेपाली साहित्यका आदिकवि भानुभक्त आचार्यको नामबाट परिचित यो चोकमा अहिले उनको सालिक छैन। उनको स्मरण गराउने कुनै चिनोसमेत छैन। नाम मात्रको भानु चोकले धेरैको मनमा कौतूहल जगाउने गरेको छ। साहित्य अनुरागीका लागि त यो अवस्था झन् पीडादायी अनुभव बन्ने गरेको छ। चोकको नाम त्यसै राखिएको भने होइन। पहिले उक्त चोकमा रामायणलाई नेपाली भाषामा लेखेर नेपालीका घरघरमा पुर्‍याउने आदिकवि भानुभक्त आचार्यको भव्य प्रतिमा थियो। २०४० सालतिर भानुभक्तको प्रतिमा निर्माण गरी तत्कालीन जनकपुर नगर पञ्चायतले चोकको नामकरण गरेको थियो।

भानु कला परिषद्ले हरेक वर्ष भानु जयन्तीका अवसरमा साहित्यिक कार्यक्रमसमेत गर्दै आएको थियो। जनकपुरधामका विभिन्न ऐतिहासिक ठाउँका विषयमा कलम चलाउँदै आएका प्रफुल्लराज घिमिरेका अनुसार भानु चोकमा विगतमा धेरै साहित्यिक कार्यक्रम हुने गरेका थिए। पछि मुरली चोकमा मैथिली कवि विद्यापतिको सम्मानमा समेत स्मारक निर्माण गरियो। जनकपुरधाम सद्भावको थलो भएकाले भाषिक सद्भावसमेत कायम हुनुपर्ने भन्दै २०५१ सालतिर विद्यापतिको स्मारक निर्माण गरिएको थियो। त्यसैअनुसार उक्त चोकको नामकरण विद्यापतिकै नामबाट गरिएको थियो।

स्थानीय ज्येष्ठ नागरिक तथा साहित्यकारहरूका अनुसार दशकौँअघि जनकपुरधामका साहित्यप्रेमी र प्रबुद्ध वर्गको पहलमा यस क्षेत्रलाई भानु चोक नामकरण गरिएको थियो। उद्देश्य थियो– भाषा र साहित्यका धरोहर आदिकवि भानुभक्तको सम्मान गर्नु। समय बित्दै जाँदा चोकको भौतिक संरचना बदलियो। आधुनिक व्यापारिक भवनहरू बने तर चोकको नामसँग जोडिएका व्यक्तिको परिचय भने ओझेलमा पर्दै गयो। जनकपुरधामका राहुल सिंह भन्छन्, ‘दैनिक हजारौँ मानिस भानु चोक भएर ओहोरदोहोर गर्छन्। नयाँ पुस्तालाई यो चोकको नाम किन भानु चोक राखियो भन्ने इतिहास नै थाहा छैन।’

कम्तीमा यहाँ भानुभक्तको पूर्णकद वा अर्धकदको सालिक बनाउनुपर्ने उनको भनाइ छ। त्यसो भए साहित्यकारको सम्मानसँगै चोकको पनि सम्मान हुने उनी बताउँछन्। ‘जनजिब्रोमा अहिले पनि यस ठाउँलाई भानु चोक भनिए पनि वास्तविकतामा नाम दर्शाउने चिनो नै छैन,’ सिंह भन्छन्।

**सालिक बन्यो आन्दोलनकारीको निसाना**

पहिचान र संघीयताको नारा उठाउँदै २०६३ सालमा भएको पहिलो मधेस आन्दोलनका क्रममा उक्त चोकमा रहेको भानुभक्तको प्रतिमा आन्दोलनकारीको निसानामा पर्‍यो। आन्दोलनकारीले प्रतिमामा तोडफोड गर्नुका साथै आगजनी गरे। त्यसपछि चोकको नाम ‘रमेश महतो चोक’ राखियो। सिरहाको लहानमा मधेस आन्दोलनका क्रममा रमेश महतो मारिएका थिए। उनकै नाममा चोकको नाम राखिएको हो। तर जनजिब्रोमा भने उक्त चोक अझै पनि भानु चोककै रूपमा परिचित छ। पछि एकीकृत सहरी विकास आयोजनाअन्तर्गत सडक विस्तारका क्रममा स्मारकसमेत हटाइयो। सडकको बीचमा परेको कारण २०७१ सालमा सडक विस्तारका क्रममा स्मारक भत्काइएको थियो।

**विवादले निर्माण कार्य ओझेलमा**

भानु चोकमा भानुभक्तको सालिकसहित स्मारक निर्माण गर्नुपर्ने भन्दै जनकपुरधाम उपमहानगरपालिकाका नगर प्रमुख मनोजकुमार साहसमक्ष ज्ञापनपत्र बुझाइएको थियो। त्यसपछि उपमहानगरपालिकाले २०८० सालमा २० लाख रुपैयाँ विनियोजनसमेत गरेको थियो। उक्त स्थानमा सालिक र नयाँ स्मारकको शिलान्यास गर्न पुगेका नगर प्रमुख साहको विरोधमा मधेस केन्द्रित दलका कार्यकर्ता पुगे। त्यसपछि कार्यक्रम बिथोल्ने प्रयास भयो। शिलान्यास कार्यक्रम दुई पक्षबीचको झडपमा परिणत भयो। असहज परिस्थितिका बीच प्रहरीको घेरामा शिलान्यास गरिए पनि त्यसपछि थप काम अघि बढ्न सकेन।

नगर प्रमुख साहले पटकपटक मधेस केन्द्रित दलका कार्यकर्तालाई बोलाएर छलफल गरे पनि निकास ननिस्किएपछि विनियोजित बजेट फ्रिज भयो। त्यसयता स्मारक निर्माणको विषय ओझेलमा परेको छ। ‘अधिकांश जनता यहाँ सालिक निर्माण हुनुपर्छ भन्ने पक्षमा छन्। तर निर्माण कार्य सुरु गर्दा विवाद बढ्ने अवस्था देखिएपछि अहिले यसलाई त्यत्तिकै छाडिएको हो,’ मेयर साहले बताए। ‘हामी भानुको स्मारक बन्नुपर्छ भन्ने पक्षमा छौँ, तर विवाद चाहँदैनौँ,’ साह भन्छन्, ‘जनताको चाहना पनि यही छ।’

मधेस केन्द्रित दलले वातावरण बनाए आफूहरू अहिले पनि स्मारक बनाउन तयार रहेको उनको भनाइ छ। रमेश महतोको स्मारक बनाउनुपर्ने भए त्यसका लागि अर्को स्थान रोजिनुपर्ने साह बताउँछन्। अर्को ठाउँमा महतोको सम्मानमा स्मारक बनाउन आफूहरू तयार रहेको तर विवाद मात्रै गरिरहँदा समस्याको निकास ननिस्कने उनले बताए। विभिन्न हिन्दुवादी धार्मिक संगठनले भानुको स्मारक निर्माणका लागि ज्ञापनपत्र बुझाएपछि आफूले यस विषयमा अग्रसरता लिएको मेयर साहले बताए।

मधेस केन्द्रित दल जनता समाजवादी पार्टीका नेता सञ्जयकुमार चौधरी भने मधेस आन्दोलनको सम्मान सबैले गर्नुपर्ने उल्लेख गर्दै आन्दोलनको भावनाअनुसार नै चोकको नामकरण गरिएकाले रमेश महतोकै स्मारक निर्माण गर्नु उपयुक्त हुने बताउँछन्। नेपाल न्यूजबाट

# आ.व. २०८२/८३ मा अख्तियारमा स्थानीय तहसँग सम्बन्धित उजुरी बढे, संघीय सरकारतर्फ भूमि मन्त्रालयका उजुरी धेरै

काठमाडौँ, १ असोज। आर्थिक वर्ष २०८२/८३ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कुल ४० हजार ८४२ वटा उजुरी कायम भएका छन्। आयोगले बिहीबार काठमाडौँमा पत्रकार सम्मेलन गरी यसबारे जानकारी गराएको हो। आयोगका प्रवक्ता एवं सूचना अधिकारी सुरेश न्यौपानेकाअनुसार यसमध्ये आयोगको केन्द्रिय कार्यालय तथा मातहतका कार्यालयहरूमा नयाँ दर्ता भएका उजुरी ३३ हजार ५१९ वटा रहेका छन्। अघिल्लो आर्थिक वर्ष २०८१/८२ बाट जिम्मेवारी सरेर आएका उजुरी ७ हजार ३२३ वटा रहेका थिए।

कुल ४० हजार ८४२ उजुरीमध्ये स्क्रिनिङ तथा प्रारम्भिक छानबिनबाट ३२ हजार ८२३ वटा (८०.३७ प्रतिशत) उजुरी फस्र्योट भएका छन्। आयोगको केन्द्रिय कार्यालय, टङ्गालमा रहेका २४ हजार ९७ उजुरीमध्ये २० हजार ३ सय ८५ वटा (८४.६० प्रतिशत) र मातहत कार्यालयहरूका १६ हजार ७ सय ४५ उजुरीमध्ये १२ हजार ४ सय ३८ वटा (७४.२८ प्रतिशत) फस्र्योट भएका न्यौपानेले बताए। फस्र्योट हुन बाँकी रहेका ८ हजार १९ वटा उजुरी आर्थिक वर्ष २०८३/८४ का लागि जिम्मेवारी सरेका छन्।

आयोगमा सबैभन्दा धेरै उजुरी वेबसाइटमार्फत दर्ता भएका छन् भने इमेल, लिखित निवेदन, हुलाक, टेलिफोन, सामाजिक सञ्जाल र ‘हेलो सरकार’लगायतका माध्यमबाट समेत उजुरी प्राप्त भएका प्रवक्ता न्यौपानेले बताए।

**झन्डै आधा उजुरी स्थानीय तहसँग सम्बन्धित, प्रदेशमा सबैभन्दा कम**

आर्थिक वर्ष २०८२/८३ मा कायम कुल उजुरीको तहगत विश्लेषण गर्दा स्थानीय तहमा हुने अनियमितताविरुद्ध सबैभन्दा बढी उजुरी परेको पाइएको छ। कुल उजुरीमध्ये स्थानीय तहसँग सम्बन्धित उजुरी सर्वाधिक २० हजार २५ वटा अर्थात ४९.०३ प्रतिशत रहेका छन्।

त्यस्तै, संघीय सरकारसँग सम्बन्धित उजुरी १५ हजार ५१२ वटा (३७.९८ प्रतिशत) रहेका छन् भने प्रदेश सरकारसँग सम्बन्धित उजुरी सबैभन्दा कम ५ हजार ३०५ वटा (१२.९९ प्रतिशत) दर्ता भएका छन्। यसले नागरिक तहमा स्थानीय सरकारको कार्यसम्पादनप्रति बढी असन्तोष र उजुरी परेको तथ्य पुष्टि गर्दछ।

**संघीय मन्त्रालयमा भूमि व्यवस्था र सामान्य प्रशासनमा सर्वाधिक उजुरी**

संघीय सरकारतर्फ कायम भएका १५ हजार ५ सय १२ उजुरीमध्ये १० मन्त्रालयको सूचीमा सबैभन्दा बढी उजुरी भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग सम्बन्धित परेका प्रवक्ता न्यौपानेले बताए। जहाँ ३ हजार ३६ वटा (१९.५७ प्रतिशत) उजुरी रहेका छन्।

**बढी उजुरी पर्ने शिर्ष १० संघीय मन्त्रालयहरू**

संघीय मन्त्रालयहरुमा सबैभन्दा बढी उजुरी भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा छन्। जहाँ ३

–बाँकी तीन पेजमा

*आ.व. २०८२/८३ मा...*

हजार ३६ (१९.५७ प्रतिशत), शिक्षा तथा खेलकुद मन्त्रालयमा १ हजार ९ सय ८३, गृह मन्त्रालयमा १ हजार ७ सय ५७, पूर्वाधार विकास मन्त्रालयमा १ हजार ९५, अर्थ मन्त्रालयमा ८ सय ७७, स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा ८ सय १६, ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयमा ६ सय ५७, संस्कृति, पर्यटन तथा नागरिक उ यन मन्त्रालयमा ५ सय ६३, कृषि, वन तथा पर्यावरण मन्त्रालयमा ५ सय ४८ र सूचना तथा सञ्चार मन्त्रालयमा ३ सय ९९ वटा उजुरी परेका छन्। यी १० मन्त्रालयबाहेकका अन्य संघीय मन्त्रालय तथा निकायहरूमा ३ हजार ७ सय ८१ वटा (२४.३८ प्रशित) उजुरी परेका न्यौपानेले बताए।

**प्रदेशमा मधेस अग्रस्थानमा, स्थानीय तहमा काठमाडौं र पोखरा महानगर शिर्षमा**

प्रदेश सरकारतर्फका कुल ५ हजार ३ सय ५ उजुरीमध्ये सबैभन्दा बढी मधेस प्रदेशमा १ हजार ४ सय ७५ वटा (२७.८ प्रतिशत) र सबैभन्दा कम गण्डकी प्रदेशमा ४०७ वटा (७.६७ प्रतिशत) उजुरी परेका छन्। कोशी, वागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित उजुरी धेरै रहेका छन् भने मधेस प्रदेशमा भौतिक पूर्वाधार तथा यातायात क्षेत्रका उजुरी सर्वाधिक रहेका छन्। स्थानीय तहका कुल २० हजार २५ उजुरीमध्ये पनि मधेस प्रदेशका स्थानीय तहहरूमा सबैभन्दा बढी ७ हजार ३ सय ७० वटा (३६.८० प्रतिशत) उजुरी परेका छन्।

**उजुरी परेका शिर्ष १० स्थानीय तहहरू**

स्थानीय तहमा सबैभन्दा बढी उजुरी काठमाडौं महानगरपालिकामा ४२१ वटा (२.२ प्रतिशत) र दोस्रोमा पोखरा महानगरपालिकामा ३७२ वटा (१.८६ प्रतिशत) रहेका छन्। त्यसपछिका शिर्ष तहहरूमा क्रमशः विदेह नगरपालिका (धनुषा), छिपहरमाई गाउँपालिका (पर्सा), जनकपुर उपमहानगरपालिका (धनुषा), सिरहा नगरपालिका (सिरहा), जितपुरसिमरा उपमहानगरपालिका (बारा), सूवर्ण गाउँपालिका (बारा), वीरगञ्ज महानगरपालिका (पर्सा) र पचरौता नगरपालिका (बारा) रहेका छन्। शिर्ष १० स्थानीय तहमध्ये ८ वटा मधेस प्रदेशकै रहेका छन्।

**संघीय मामिला र शिक्षामा व्यापक उजुरी**

विषय क्षेत्रगत आधारमा हेर्दा कुल उजुरीको एक तिहाई भन्दा धेरै अर्थात १४ हजार ४३९ वटा (३५.३५ प्रतिशत) उजुरी संघीय मामिला क्षेत्र (स्थानीय तहसमेत) सँग सम्बन्धित रहेका प्रवक्ता न्यौपानेको भनाइ छ। त्यसपछि समग्र शिक्षा क्षेत्रमा १४.६७ प्रतिशत, गैरकानूनी सम्पत्ती आर्जनमा ७.०८ प्रतिशत, भूमि प्रशासनमा ६.७७ प्रतिशत, गृह प्रशासनमा ४.५० प्रतिशत, वन तथा वातावरणमा ४.०७ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायातमा ३.७६ प्रतिशत, स्वास्थ्यमा ३.६४ प्रतिशत र नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी ३.३९ प्रतिशत उजुरी दर्ता भएका छन्। यस्तै ऊर्जा तथा सिंचाईमा २.५० प्रतिशत, अर्थमा २.२४ प्रतिशत, संस्कृति तथा पर्यटनमा १.५७ प्रतिशत र अन्य क्षेत्रमा १०.४६ प्रतिशत उजुरी रहेका छन्।

**विशेष अदालतमा १७५ मुद्दाः ९९० प्रतिवादी, २५ अर्ब २३ करोड बिगो मागदाबी**

प्रतिवेदन अवधिमा आयोगको कुल ६२ वटा बैठक बसी विभिन्न विषयमा जम्मा १ हजार १३० वटा निर्णय भएका छन्। जसमध्ये विभिन्न भ्रष्टाचारजन्य कसुरमा विशेष अदालतमा १७५ वटा मुद्दा दायर गरिएका छन् भने ५८५ वटा उजुरी तामेलीमा राखिएका छन्।

**दायर १७५ मुद्दाको वर्गीकरण**

सार्वजनिक सम्पती हानि नोक्सानीमा ५६ वटा (सर्वाधिक) मुद्दा दर्ता भएका छन्। घुस (रिसवत) सम्बन्धी ४१ वटा, गैरकानूनी लाभ वा हानि २७ वटा, झुटा/नक्कली शैक्षिक प्रमाणपत्र १५ वटा, गैरकानूनी सम्पती आर्जन ११ वटा, राजश्व चुहावट/हिनामिना ५ वटा, सम्पती शुद्धीकरण कसुरः ५ वटा, अन्य कसुरहरू १५ वटा रहेका न्यौपानेले बताए।

विशेष अदालतमा दायर गरिएका मुद्दाहरूमा १४५ जना महिला, ८०१ जना पुरुष र ४४ वटा संस्था गरी कुल ९९० लाई प्रतिवादी बनाइएको छ। कुल बिगो मागदाबी २५ अर्ब २३ करोड ६५ लाख ९७ हजार ९८९ रुपियाँ ८२ पैसा रहेको उनले जानकारी दिए।

विशेष अदालतबाट यस आर्थिक वर्षमा कुल १ सय ५६ वटा मुद्दाको फैसला प्राप्त भएकोमा ८१ वटा मुद्दामा (५१.९२ प्रतिशत) कसुर कायम भई आयोगलाई सफलता प्राप्त भएको छ। यसै अवधिमा सर्वोच्च अदालतमा कुल १०४ वटा पुनरावेदन दर्ता गरिएको छ। त्यस्तै, आयोगले गरेको पुनरावेदनउपर सर्वोच्च अदालतले गरेको फैसलामा चित्त नबुझी सोही अदालतमा ३ वटा पुनरावलोकन निवेदन दर्ता गरिएको प्रवक्ता न्यौपानेले जानकारी दिए।

**आयोगको रणनीति, नीतिगत सुधार र आगामी चुनौतीहरू**

आयोगले आफ्नो पाँचौं रणनीतिक योजनाअन्तर्गत उपचारात्मक, निरोधात्मक, प्रवर्धनात्मक र संस्थागत सुदृढीकरणका ७३ क्रियाकलापमध्ये दोस्रो वर्षमै १९ वटा सम्पन्न गरी २६ प्रतिशत प्रगति हासिल गरेको जनाएको छ। प्रवक्ता न्यौपानेकाअनुसार आयोगले प्रवर्धनात्मक अभियानअन्तर्गत चितवन, डडेलधुरा, बाजुरा र डोटी गरी ४ जिल्ला र १३४ स्थानीय तहमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। यस्तै, 'सुशासन सवाल' र 'नीति संवाद' टेलिभिजन कार्यक्रम, एफएम सन्देश तथा सम्पती शुद्धीकरण अनुसन्धानसम्बन्धी पाक्षिक/मासिक तालिम सञ्चालन गरिएको छ। टक्सार न्यूजबाट

*खापानी टोलमा...*

परिवार, समुदाय र समाजकै साझा दायित्वका रूपमा लिनुपर्ने सन्देश दिइएको थियो। स्थानीय परिवेश, पात्र र संवादमार्फत प्रस्तुत गरिएको सडक नाटकले सहभागीलाई मनोरञ्जनसँगै व्यवहारिक रूपमा सरसफाइप्रति सचेत गराउने प्रयास गरेको थियो। कार्यक्रममा सहभागी स्थानीय बासिन्दाले सडक नाटकजस्ता सिर्जनात्मक माध्यमबाट प्रस्तुत गरिने जनचेतनामूलक सन्देश समुदायका विभिन्न वर्गसम्म सहज र प्रभावकारी रूपमा पुऱ्याउन सकिने बताएका थिए। यस्ता कार्यक्रमले बालबालिका, युवा, महिला तथा ज्येष्ठ नागरिकलाई समेत सरसफाइप्रति जिम्मेवार बनाउन सहयोग पुग्ने उनीहरूको भनाइ थियो।

लहान नगरपालिकाका नगर प्रमुख महेशप्रसाद चौधरीले 'घर-घरको शान, स्वच्छता अभियान'लाई सरसफाइमा मात्र सीमित नराखी नागरिकको सोच र व्यवहारमा दीर्घकालीन सकारात्मक परिवर्तन ल्याउने उद्देश्यले सञ्चालन गरिएको बताए। स्वच्छ तथा स्वस्थ नगर निर्माणका लागि भौतिक पूर्वाधार विकाससँगै नागरिकस्तरमा जनचेतना अभिवृद्धि र समुदायको सक्रिय सहभागिता आवश्यक रहेको उनले उल्लेख गरे।

अभियानमार्फत शौचालयको नियमित तथा दिगो प्रयोगलाई प्रोत्साहन गर्नुका साथै व्यक्तिगत र वातावरणीय सरसफाइलाई नागरिकको दैनिक जीवनशैलीको अभिन्न हिस्सा बनाउने लक्ष्य रहेको नगर प्रमुख चौधरीले बताए। उनका अनुसार सरसफाइ अभियान सफल बनाउन नगरपालिकाको प्रयास मात्र पर्याप्त हुँदैन। प्रत्येक घर, परिवार र समुदायले आफ्नो जिम्मेवारी निर्वाह गरे मात्रै स्वच्छ र स्वस्थ नगर निर्माण सम्भव हुन्छ। नागरिकको व्यवहारमा दीर्घकालीन परिवर्तन ल्याउन निरन्तर जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने आवश्यकता रहेको पनि उनले बताए।

लहान नगरपालिकाले 'घर-घरको शान, स्वच्छता अभियान'लाई आगामी दिनमा पनि निरन्तरता दिने जनाएको छ। नगरका विभिन्न वडा तथा टोलमा सडक नाटक, स्वच्छता ऱ्याली, अन्तरक्रिया तथा अन्य जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै नागरिकको सहभागिता बढाउने नगरपालिकाको योजना छ। स्थानीय समुदायसँगको सहकार्य र नागरिकको सक्रिय सहभागितामार्फत स्वच्छ, स्वस्थ तथा व्यवस्थित लहान निर्माण गर्ने उद्देश्यले अभियानलाई थप प्रभावकारी बनाइने नगरपालिकाले जनाएको छ। सरसफाइलाई अभियान सञ्चालन हुने अवधिसम्म मात्र सीमित नराखी नागरिकको नियमित व्यवहार र जीवनशैलीसँग जोड्दै दीर्घकालीन रूपमा अघि बढाउने नगरपालिकाको लक्ष्य रहेको छ।

*अर्थमन्त्री डा....*

विदेशसचिव श्याम शरणले आयोजना गर्ने उच्चस्तरीय कूटनीतिक संवाद कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी हुने छ। शुक्रवारै अपरान्ह ५ बजे भारतीय विदेशमन्त्री डा. एस. जयशंकरसँग भेटवार्ता, ७ :३० बजे भारत व्यापार संवर्धन संगठनका अध्यक्ष जावेद अश्राफले आयोजना गर्ने बृहत भेटघाट कार्यक्रममा सहभागी हुने कार्य तालिका रहेको छ।

शनिबार विहान ९ :३० बजे भारतीय उद्योग परिसंघले आयोजना गर्ने प्रतिष्ठित औद्योगिक घरानाहरूसँगको सम्मेलनमा प्रमुख वक्ताका रूपमा सहभागी, ११: ३० बजे दिल्ली स्कुल अफ इकोनोमिक्सले आयोजना गर्ने विकास अर्थनीतिबारे प्राज्ञिक छलफलमा प्रमुख अतिथिका रूपमा सहभागी हुने छ। सोही दिन साँझ ४ बजे नेपाल फर्किने कार्यतालिका सार्वजनिक भएको छ।

अर्थमन्त्री वाग्लेको भ्रमण टोलीमा मन्त्रालयका सहसचिव अमृत लम्साल, परराष्ट्र सहसचिव गेहेन्द्र राजभण्डारी, नेपाली राजदूताबास नयाँदिल्लीका उप नियोग प्रमुख डा.सुरेन्द्र थापा, इकोनोमिक्स मिनिस्टर तारानाथ अधिकारी, अर्थमन्त्रीका निजी उप-सचिव कञ्चन बस्नेत सहभागी रहेका छन्।

# हुलाकी सडक अतिक्रमण हटाउन ३५ दिनको समय

जनकपुरधाम, १ असोज। हुलाकी राजमार्ग निर्देशनालय, योजना कार्यालय जनकपुरधामले हुलाकी सडकको क्षेत्राधिकारभित्र रहेका स्थायी तथा अस्थायी संरचना हटाउन ३५ दिनको समय दिएको छ। कार्यालयले सार्वजनिक सूचना जारी गर्दै सडक सीमाभित्र रहेका घर, टहरा तथा सडकको आवागमन, संरक्षण र निर्माण कार्यमा बाधा पुग्ने गरी राखिएका विभिन्न मालवस्तु तथा निर्माण सामग्री हटाउन सम्बन्धित व्यक्ति, संस्था तथा सरोकारवालालाई आग्रह गरेको हो।

कार्यालयअन्तर्गत सिरहाको बलान-कमला सडक, धनुषाको जनकपुर-यदुकुहा तथा जनकपुर-कदमचोक-कप्तौल-तीनकौरिया-कमला सडक, धनुषा-महोत्तरीको जनकपुर-बसबिट्टी-भ्रमरपुरा-बलवा-सरपल्लो-भोल्ही-पोखरभिण्डा सडक तथा सर्लाहीको शीतलपुर-मलंगवा-खरैयाटोल र बाँकेको संग्रामपुर सडकको सीमाभित्र रहेका संरचना तथा सामग्री हटाउन भनिएको छ। हुलाकी सडक निर्माणको काम अन्तिम चरणमा पुगेकाले सडक सीमा खाली गराउन पहिलोपटक यस्तो सार्वजनिक सूचना जारी गरिएको कार्यालयका सूचना अधिकारी इन्जिनियर रञ्जितकुमार रायले बताउनुभयो।

उहाँका अनुसार सडक सीमाभित्र रहेका घर, टहरा, विभिन्न मालवस्तु तथा निर्माण सामग्रीका कारण सडक निर्माण तथा संरक्षण कार्यमा बाधा पुग्नुका साथै दुर्घटनाको जोखिमसमेत बढेको छ। "निर्माणको अन्तिम चरणको लागि पहिलोपटक सडक सीमा खाली गर्न सार्वजनिक सूचना जारी गरेका हौं," उहाँले भन्नुभयो।

सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सडक सीमाभित्रका संरचना तथा सामग्री हटाउन सम्बन्धित व्यक्ति तथा सरोकारवालालाई आग्रह गरिएको छ। कार्यालयले सम्बन्धित स्थानीय तहलाई समेत सूचना टाँस गर्न पत्राचार गरिसकेको रायले जानकारी दिनुभयो।

तोकिएको समयावधिभित्र संरचना तथा सामग्री नहटाएमा कानुनबमोजिम आवश्यक प्रक्रिया अघि बढाई बल प्रयोग गरेर भए पनि सडक सीमा खाली गराइने उहाँले बताउनुभयो। सडक सीमा अतिक्रमण गरी संरचना निर्माण तथा विभिन्न सामग्री राखिएका कारण सडक दुर्घटनाको जोखिम बढ्नुका साथै सडक संरक्षण कार्यमा समेत बाधा पुगेको कार्यालयले जनाएको छ। गत साता मंगलबार (भदौ २३ गते) जारी सूचनामा सडकको आवागमन सहज बनाउन तथा सडक संरक्षण र निर्माण कार्यमा सहयोग पुऱ्याउन सम्बन्धित व्यक्ति, संस्था तथा सरोकारवालालाई तोकिएको अवधिभित्र सडक सीमा खाली गर्न आग्रह गरिएको छ।

सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सडक सीमा खाली नगरेमा सार्वजनिक सडक ऐन, २०३१ बमोजिम कारबाही प्रक्रिया अघि बढाइने कार्यालयले चेतावनी दिएको छ।

# ग्यासमा थपिएको ढुवानी शुल्क हट्यो, अब प्रतिसिलिन्डर २ हजार ६० रुपैयाँ

काठमाडौं, १ असोज। काठमाडौं उपत्यकामा एलपी ग्यासको मूल्य पुनः साविककै कायम हुने भएको छ। नेपाल एलपी ग्यास उद्योग संघले शुक्रबारदेखि प्रतिसिलिन्डर २ हजार ६० रुपैयाँमा ग्यास बिक्री गर्न उद्योगीलाई निर्देशन दिएको हो। त्रिशूली नदीमा आएको बाढीका कारण कृष्णभिर क्षेत्रमा पृथ्वी राजमार्ग अवरुद्ध भएपछि काठमाडौं उपत्यकामा ग्यास ल्याउन वैकल्पिक मार्ग प्रयोग गर्नुपरेको थियो। त्यस क्रममा ढुवानी खर्च बढेपछि संघले निगमले तोकेको मूल्यमा प्रतिसिलिन्डर १०५ रुपैयाँ ३८ पैसा थप गरी अधिकतम २ हजार १६५ रुपैयाँ ३८ पैसामा ग्यास बिक्री गर्न उद्योगीलाई आग्रह गरेको थियो।

अवरुद्ध सडक खण्डमा वैकल्पिक ट्र्याक खोलेर यातायात सञ्चालनमा आएसँगै एलपी ग्यासका बुलेटहरू काठमाडौं आउन थालेका छन्। त्यससँगै वैकल्पिक मार्गबाट ग्यास ढुवानी गर्नुपर्ने अवस्था अन्त्य भएकाले साविककै मूल्यमा बिक्री गर्न संघले भनेको हो। संघका अध्यक्ष दिवान चन्दले शुक्रबारदेखि काठमाडौं उपत्यकामा बजारीकरण गर्ने सबै ग्यास उद्योगलाई निगमले तोकेको प्रतिसिलिन्डर २ हजार ६० रुपैयाँभन्दा बढी नलिन आग्रह गरे। संघले आफ्ना उद्योगीलाई सोहीअनुसार बिक्री वितरण गर्न तथा आ-आफ्ना विक्रेतालाई पनि मूल्यबारे जानकारी गराउन आग्रह गरेको छ।

# राजविराजको रथ यात्रामा सुनको सिक्री चोरी गरेको आरोपमा युवक पक्राउ

सप्तरी, १ असोज। सप्तरीको राजविराजमा रथ यात्राका क्रममा सुनको सिक्री चोरी गरेको आरोपमा एक युवक पक्राउ परेका छन्। पक्राउ पर्नेमा बाराको बारागढी गाउँपालिका-३ सिपुरा टोल बस्ने २५ वर्षीय निरज कुमार राय रहेका छन्। सप्तरी प्रहरीका अनुसार गत भदौ २० गते कृष्ण जन्माष्टमीका अवसरमा राजविराज नगरपालिका-८ स्थित राधाकृष्ण मन्दिरबाट निकालिएको रथ यात्रामा सहभागी राजविराज-१ बस्ने ३५ वर्षीय रोकी झाले घाँटीमा लगाएको २६.२४० ग्रामको सुनको सिक्री चोरी भएको थियो। उक्त घटनापछि फरार रहेका रायलाई खोजतलास गर्ने क्रममा भदौ २९ गते बारा जिल्लाको बारागढी गाउँपालिका-३ सिपुरा टोलबाट पक्राउ गरिएको सप्तरी प्रहरीले जनाएको छ। सप्तरी जिल्ला अदालतबाट २९ गतेदेखि नै लागुहुने गरी ५ दिनको म्याद थप गरी घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय राजबिराज सप्तरीका सूचना अधिकारी तथा प्रवक्ता प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेले जानकारी दिए।

*वीरगञ्जमा भारतीयबाट...*

सशस्त्र प्रहरीले जनाएको छ।

सशस्त्र प्रहरी बल, नेपाल इन्टेलिजेन्स ब्युरोबाट खटिएको टोलीले कारबाट सिक्सर पेस्तोल २ थान, कट्टुवा पेस्तोल २ थान र ७.६२ एमएम एसएलआरको ६ राउन्ड गोली फेला पारेको हो। बरामद हतियार, गोली तथा भारतीय नम्बर प्लेटको कार नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान तथा कारबाहीका लागि सम्बन्धित निकायमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ।

कार कसको हो, कसले त्यहाँ ल्याएर रोकिराखेको थियो तथा बरामद हतियार र गोली कहाँबाट ल्याइएको भन्ने विषयमा भने प्रहरीले तत्काल केही खुलाएको छैन। घटनाबारे थप अनुसन्धान भइरहेको जनाइएको छ।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# अर्नमा गाउँपालिका

## गाउँ कार्यपालिको कार्यालय

अर्नमा, सिरहा
मधेश प्रदेश, नेपाल

## पोखरी तथा सटर भाडाबाट आय संकलन गर्ने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

**सूचना प्रकाशित मिति : २०८३/०६/०२**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (घ) मा भएको व्यवस्था, सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा विद्यमान व्यवस्था, "अर्नमा गाउँपालिकाको सार्वजनिक खरीद नियमावली, २०७५" मा भएको आय ठेक्का बन्दोबस्त सम्बन्धी व्यवस्था तथा अर्नमा गाउँपालिकाको आर्थिक ऐन, २०८३ बमोजिम आ.व. २०८३/०८४ को आन्तरिक आय संकलनको लागि देहायका पोखरी, तथा सटर भाडाबाट आय संकलन कार्य तीन (३) बर्ष अवधिका लागि ठेक्का लगाउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र कानूनी प्रकृया पुरा गरेका योग्य व्यक्ति तथा फर्महरुले दरभाउपत्र खरीद गरी सोह्रौं(१६औं) दिनको अपह्रान्न १२:०० बजे भित्र सिलबन्दी दरभउपत्र पेश गर्नुहुन अनुरोध छ।

**ठेक्का विवरण**

**पोखरीतर्फको**

| ठेक्का नं. | आयको विवरण | पोखरी रहेको स्थान | कित्ता नं. | पञ्फाउ क्षेत्रफल (ज.वि.) | न्यूनतम अंक | दरभाउपत्र फारम दस्तुर | धरौटी |
|---|---|---|---|---|---|---|---|
| ARM01-2083/084 | बरहथ पोखरी | अर्नमा-१ बरहथा | ६५,१३४ | ०-९-०-० | २,१३,५७०।- | १०००।- | कबोल अंकको ५% ले हुन आउने रकम वा कम्तिमा १२० दिन म्याद भएको बैंक जमानतपत्र |
| ARM02-2083/084 | बंठिया पूर्वी पोखरी | अर्नमा-३ कोयलपुर | ४७२ | ०-११-१०-० | २,७२,८९५।- | १०००।- | |
| ARM03-2083/084 | देवान्जी खाता | अर्नमा-३ बंठिया | ५११ | ०-२-०-० | ४७४६०।- | १०००।- | |
| ARM04-2083/084 | पासमान टोलको पोखरी | अर्नमा-३ बंठिया | ५१६ | ०-१५-०-० | ३,५५,९५०।- | १०००।- | |
| ARM05-2083/084 | रविटोलको गौरीपुर पोखरी | अर्नमा-४ गौरीपुर | २०७ | ०-१०-१०-० | २,४९,१६५।- | १०००।- | |
| ARM06-2083/084 | धोवियाही पोखरी | अर्नमा गा.पा. ५ पछवारीटोल | ४१६ | १-०-०-० | ४,७४,६००।- | १०००।- | |

**गाउँपालिका नयाँ भवन निरको सटर भाडा तर्फको आय ठेक्का**

| ठेक्का नं. | सटर | ठेगाना | स्टल नं. | न्यूनतम अंक ३ वर्षको | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| ARM07-2083/084 | अर्नमा बजारको सटर | अर्नमा गा.पा. ३, अर्नमा | ०१ | १,१८,८००।- | १,०००।- |
| ARM08-2083/084 | अर्नमा बजारको सटर | अर्नमा गा.पा. ३, अर्नमा | ०२ | १,१८,८००।- | १,०००।- |
| ARM09-2083/084 | अर्नमा बजारको सटर | अर्नमा गा.पा. ३, अर्नमा | ०३ | १,१८,८००।- | १,०००।- |
| ARM10-2083/084 | अर्नमा बजारको सटर | अर्नमा गा.पा. ३, अर्नमा | ०४ | १,१८,८००।- | १,०००।- |
| ARM11-2083/084 | अर्नमा बजारको सटर | अर्नमा गा.पा. ३, अर्नमा | ०५ | १,१८,८००।- | १,०००।- |
| ARM12-2083/084 | अर्नमा बजारको सटर | अर्नमा गा.पा. ३, अर्नमा | ०६ | १,१८,८००।- | १,०००।- |
| ARM13-2083/084 | अर्नमा बजारको सटर | अर्नमा गा.पा. ३, अर्नमा | ०७ | १,१८,८००।- | १,०००।- |

**ठेक्काका शर्तहरुः**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५औं दिन कार्यालय समयभित्र यस कार्यालयको श्री नविल बैंक अर्नमा शाखामा रहेको आन्तरिक राजश्व खाता (खाता नं. २२४०१०१७५०००००८), राजश्व संकेत नं. १४२२९ मा दाखिला गरेको दरभाउपत्र खरिद बापत तोकिए बमोजिमको दस्तुरको सक्कल बैंक भौचर वा नगदी रसिद सहित तोकिएको ढाँचाको निवेदन पेश गरेपश्चात दरभाउपत्र फारम खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको दरभाउपत्र फरम संचालक स्वयंम् वा निजको तोकिएको प्रतिनिधिले कबोल गरेको रकम अंक र अक्षरमा प्रष्टसँग बुझिने गरी सूचना प्रकाशित भएको मितिले १६ औं दिनको अपह्रान्न १२:०० बजे भित्र यस कार्यालयमा शिलवन्दी दरभाउपत्र पेश गर्नु पर्नेछ। तोकिएको समयपश्चात पेश भएको दरभाउपत्र उपर कुनै कार्वाही हुने छैन।

३. दरभाउपत्र साथ फर्म दर्ता प्रमाण पत्र, प्यान/भ्याट दर्ता प्रमाणपत्र र आ.व.२०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी, व्यक्तिको हकमा नागरिकता प्रमाणपत्र प्रतिलिपी, राष्ट्रिय परिचयपत्र प्रतिलिपी, घर तथा जग्गाको भुमिकर/मालपोत र सम्पत्ति कर तिरेको रसिद संलग्न राखी आफुले मुल्य अभिवृद्धि कर(सटरको हकमा बहाल कर) सहित कवोल गरेको अंकको ५% ले हुन आउने धरौटी वापतको रकम नविल बैंक अर्नमा शाखा स्थित यस कार्यालयको धरौटी खाता नं.२२४०१०१७५०००३६ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्ता वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा १२० दिन म्याद भएको विड वण्डको सक्कल प्रति संलग्न हुनुपर्नेछ।

४. उल्लेखित न्युनतम रकममा मुल्य अभिबृद्धि कर (VAT) (सटरको हकमा बहाल कर) बापतको रकम समावेश गरिएको छ। ठेकेदारले कबोल रकम प्रस्ताव पेश गर्दा न्युनतम तोकिएको अंकमा नघट्ने गरी एकमुष्ठ रकमको प्रस्ताव पेश गर्नु पर्नेछ।

५. दर्ता भएका शिलवन्दी दरभाउपत्र १६औं दिनको दिउँसो २:०० बजे यस कार्यालयमा दरभाउपत्रदाताका प्रतिनिधिको रोहवरमा खोलिने छ। दरभाउपत्रदाताका प्रतिनिधि अनुपस्थिर रहेमा पनि दरभाउपत्र खोलिने छ।

६. दरभाउपत्र खरिद गर्ने अन्तिम दिन र दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु विदा पछि कार्यालय खुल्ने दिन सोहि समयमा हुनेछ। म्याद नाघी वा रित नपुगी प्राप्त भएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन।

७. यस कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता रकम नबुझाएका तथा पेश्की फछ्र्यौट नभएका वा नगद जिन्सी बुझाउन बाँकी रहेका फर्म/कम्पनी तथा व्यक्तिले ठेक्का लिन पाउने छैन। कुनै कारणवस त्यस्ता व्यक्ति वा फर्म/कम्पनीहरुको ठेक्का स्वीकृत भएपनि पछि जानकारी प्राप्त हुन आएमा ठेक्का वदर गरी धरौटी लगाएत बुझाएका ठेक्का रकम जफत गरिनेछ।

८. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ। साथै सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नु पर्ने कुरा कार्यालयले सूचना पाटीमा टाँस गरी जानकारी गराईनेछ साथै सूचना सम्बन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

९. प्रत्येक पोखरी तथा सटरको दरभाउपत्र फारम छुट्टा छुट्टै खरिद गरी पेश गर्नु पर्नेछ।

१०. ठेक्का स्वीकृत भएको सात दिन भित्र (VAT)(सटरको हकमा बहाल कर) सहित कबोल अंकको ६०% रकम गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. २२४०१०१७५०००००८ (नविल बैंक अर्नमा शाखा) पोखरीको हकमा राजश्व संकेत नं.११३१८ र सटरको हकमा राजश्व संकेत नं.१४१५१ मा चलन पुर्जी लिनु पूर्व तथा बाँकी ४०% को नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा ३ बर्ष अवधीको कार्य सम्पादन जमानत(Performance Bond) पत्र पेश गर्नु पर्नेछ। किस्ता बापत ४०% रकमको कार्य सम्पादन जमानत बुझाउन असमर्थ हुने भएमा स्वीकृत कबोल अंकको एकमुष्ठ रकम तोकिएको समयावधीमा बुझाए पश्चात मात्र चलनपूर्जि जारी गरिनेछ। रकम चलन पूर्जी लिएको एक बर्ष भित्र उल्लेखित बाँकी किस्ता ४०% रकम दाखिला गरी सक्कल भौचर यस कार्यालयमा बुझाउनु पर्नेछ। तोकिएको समयमा रकम दाखिला नगरेमा कार्यसम्पादन जमानतबाट यस कार्यालयलाई बुझाउनु पर्ने अन्तिम दिनको भोलिपल्ट देखि गणणा हुने गरी १० प्रतिशत जरिवाना सहित असुल उपर गरिनेछ।

११. बजार तथा सटरहरु जे जस्तो अवस्थामा छन् सोहि अवस्थामा नै ठेक्का सकार गर्नु पर्नेछ। ठेक्का लाग्ने पोखरीको म्याद अवधीभर कुनै भवितव्य वा मानविय किसिमले सटर भवन, माछावाली वा डिल समेतमा कुनै क्षति गरे वा भएमा त्यसको क्षति ठेकेदार स्वयंले व्यहोर्नु पर्नेछ।

१२. कुनै पनि ठेक्का स्वीकृत हुन न्युनतम ३ वटा ठेकेदार वा फर्म/कम्पनीले दरभाउपत्र फारम खरिद गरी पेश गर्नु पर्नेछ। अन्यथा उक्त ठेक्का स्वतः अस्वीकृत हुनेछ। अस्वीकृत ठेक्काको दरभाउपत्र पुनः आह्वान गरिनेछ।

१३. यस कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नु ठेकेदारको दायित्व हुनेछ।

१४. बाढी पहिरो, सुख्खा खडेरी तथा अन्य कारण भएको क्षति देखाई मिनाहा माग भएमा यस कार्यालयबाट कुनै मिनाहा दिईने छैन।

१५. ठेक्का स्वीकृत भइ कार्यालयले माग गरे बमोजिमको रकम तोकिएको समयभित्र दाखिला गरी सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरिनेछ। ठेक्का सम्झौता गरेपछि तोकिएको मितिबाट मात्र ठेक्का सञ्चालन गर्न पाईनेछ। सम्झौता गर्नु भन्दा पहिले ठेक्का दावी गर्न पाईने छैन।

१६. पोखरीको डिलमा भएका वोटविरुवा तथा बनस्पतीलाई हानी हुने, उखेल्ने, सार्ने, काट्ने, बिक्री गर्ने जस्ता कार्य गर्न पाईने छैन।

१७. अर्नमा गाउँपालिकाको स्वीकृति विना पोखरीको वास्तविक आकृतिमा फेरवदल हुने किसिमको कुनै पनि हेरफेर गर्न पाईने छैन।

१८. ठेक्का सम्बन्धी कुनै द्विविधा परेमा वा मतभिन्न भाएमा अर्नमा गाउँपालिकाको निर्णय अन्तिम निर्णय हुनेछ।

१९. यस गाउँपालिका क्षेत्रभित्रको कुनै सार्वजनिक पोखरी ठेक्का लिएको व्यक्ति/फर्म/कम्पनीको जिम्मामा ठेक्का बापतको बुझाउन बाँकी रकम भएमा दरभाउपत्र फारम खरिद गर्नु अगाबै बुझाईसक्नु पर्नेछ। अन्यथा निजको दरभाउपत्र स्वीकृत गरिनेछैन।

२०. पोखरी तथा बालीको सुरक्षा ठेकेदार स्वयंले नै गर्नु पर्नेछ। ठेकेदारले पोखरीको डिल तथा पोखरी क्षेत्रभित्र रहेका बृक्षबाट फलेका फलफुलको उपभोग गर्न पाउनेछ तर बृक्षको हानी हुने कुनै किसिमको कार्य गर्न पाईनेछैन र उक्त क्षेत्रको बोटबिरुवाको सुरक्षा ठेकेदारले गर्नु पर्नेछ।

**सटर भाडा सम्बन्धी शर्तहरुः**

२१. सटर भएको घरको आसपासमा भएमा उक्त वोटविरुवा तथा बनस्पतीलाई हानी हुने, उखेल्ने, सार्ने, काट्ने, बिक्री गर्ने जस्ता कार्य गर्न पाईने छैन र उक्त वोटविरुवाहरुको संरक्षण गर्नु ठेकेदारको दायित्व हुनेछ।

२२. सटरभाडामा लिने पक्षले उक्त सटरमा प्रचलित कानून तथा सामाजिक सद्भाव/मर्यादा, धार्मिक सहिष्णुता विपरित हुने कुनैपनि अवान्छित गतिविधि संचालन गर्न, कुनै पनि किसिमको प्रदुषण फैलाउन, सामाजिक तथा प्राकृतिक वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी तथा प्रचलित कानून विपरितका कुनै पनि कार्य गर्न पाईने छैन। उल्लेखित बमोजिम प्रचलित कानून विपरित भए गरेको ठहर भएमा तत्काल ठेक्का बदर गरी कानूनी उपचारको लागि सिफारिस गरिनेछ।

२३. सटरमा संचालित व्यवसायिक गतिविधिबाट अस्वस्थ प्रतिस्पर्धा श्रृजना गर्ने, एकाधिकार कायम गर्ने जस्ता गैरकानूनी गतिविधि गर्न पाईनेछैन। यसो भएको पाईएमा कानूनी उपचारको लागि सिफारिस गरिनेछ।

२४. अर्नमा गाउँपालिकाको स्वीकृति विना सटरको वास्तविक आकृतिमा फेरवदल हुने किसिमको कुनै पनि हेरफेर गर्न पाईने छैन।

२५. सटर भाडामा लिई संचालित गतिविधिबाट निष्काषण हुने जैविक फोहोरलाई आफै व्यवस्थापन गरी रासायनिक फोहोरलाई प्रचलित कानूनमा तोकिए बमोजिम विसर्जन गर्नु ठेकेदार स्वयमंको दायित्व हुनेछ।

२६. पोखरी तथा सटर भाडा ठेक्काको प्राकृतिक तथा मानवीय संकट, भोकमरी, माहामारी तथा अन्य कारण भएको क्षति देखाई मिनाहा माग भएमा यस कार्यालयबाट कुनै मिनाहा दिईने छैन।

२७. ठेक्का सम्बन्धी कुनै द्विविधा परेमा वा मतभिन्न भाएमा अर्नमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।

२८. यस गाउँपालिका क्षेत्रभित्रको कुनै सार्वजनिक ठेक्का लिएको व्यक्ति/फर्म/कम्पनीको जिम्मामा ठेक्का बापतको बुझाउन बाँकी रकम भएमा दरभाउपत्र फारम खरिद गर्नु अगाबै बुझाईसक्नु पर्नेछ। अन्यथा निजको दरभाउपत्र स्वीकृत गरिनेछैन।

२९. सटरमा संचालित व्यवसायको सुरक्षा ठेकेदार स्वयंले नै गर्नु पर्नेछ।

३०. सटर भाडा ठेक्का सकारकर्ताले भएको संरचनामा कुनै फेरबदल वा तोडमोड गर्न पाईनेछैन। सटरको संरचनामा यदि कुनै फेरवदल गरी क्षति भएको देखिएमा ठेकेदारबाट क्षति बापतको मुल्याङ्गित रकम असुल उपर गरी ठेक्का रद्द गर्नेछ।

३१. सटर भाडा ठेक्काको वहाल कर वापत हुने रकम सम्बन्धित निकायलाई बुझाउनु पर्ने रकम ठेकेदार स्वयंले नै बुझाउनु पर्नेछ।

३२. यस सूचनामा उल्लेखित शर्तहरु यसै बमोजिम र यस बाहेकका कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

३३. ठेक्का अवधी चलन पूर्जी लिएको मितिदेखि गणणा हुने गरी तिन(३) बर्ष हुनेछ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)